बराहक्षेत्र नगरपालिका
# नगर कार्यापालिकाको कार्यालय
चक्रघट्टी ,सुनसरी

प.स.
च.न. :

## वातावरणीय अध्ययन गर्ने आशयपत्र मागको सुचना

**दोश्रो पटक प्रकाशित मिति:२०७९।०९।२१**

बराहक्षेत्र नगरपालिकाको क्षेत्र भित्र पर्ने बिद्यमान आयश्रोतको रूपमा रहेको बिभिन्न खोलाहरू (सर्दु, पटनाली, र कोकाह) को बिभिन्न स्थानहरूबाट ढु□ा, गीट्टी, बालुवा सकंलन गर्ने सम्बन्धमा वातावरण संरक्षण ऐन २०७६ तथा वातावरण संरक्षण नियमावली २०७७ बमोजिम अगामी दुई आर्थिक वर्षका लागि वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्ने कार्यको लागि परामर्श सेबाको आवश्यक परेको हुँदा प्रचलित कानुन अनुसार रितपूर्बक दर्ता भएको सम्बन्धित ईच्छुक परामर्शदाता, कम्पनी वा फर्महरूबाट निम्न कागजातहरू सहित प्राविधिक तथा आर्थिक प्रस्ताव यस बराहक्षेत्र नगरपालिका, नगर कार्यापालिकाको कार्यालयमा यो सुचना दोश्रो पटक प्रकाशित भएको मितिले १५ दिन भित्र पेश गर्नु हुन आव्हान गरिएको छ । छनौट भएको संस्थाले वातावरणीय अध्ययन प्रतिवेदन नेपाली भाषामा तयार गरि पेश गर्नु पर्नेछ ।

**आवश्यक विवरण निम्न छन् ।**

१. कम्पनिको प्रोफाइल, २.बिस्तृत कार्यसुची, ३.लाग्ने समयाबधि, ४.संलग्न अध्ययन टोलीको वैयक्तिक बिबरण ५.सम्बन्धित काममा अनुभबताको प्रमाणपत्र, ६. कम्पनी वा संस्था दर्ता प्रमाण पत्र ७.भ्याट दर्ता प्रमाण पत्र ८.ब्यबसायिक दर्ता प्रमाणपत्र ९.कर चुक्ता प्रमाण पत्र

यस सम्बन्धमा थप कुरा बुझ्नु पर्ने भएमा कार्यालय समय भित्र यस कार्यालयको राजस्व शाखा (९८४२०५५१०६ अरूण कुमार मेहेता) लाई सम्पर्क गर्न सक्नुहुनेछ । पुनश्च: यस सुचना बमोजिम परेका कुनै वा सबै प्रस्ताबहरू कुनै कारण देखाई वा नदेखाई स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# बराहक्षेत्र नगरपालिका
# नगर कार्यापालिकाको कार्यालय
## चक्रघट्टी ,सुनसरी

प.स.
च.न. :